# जानकारी सहितको विवरण उपलव्ध गराउने सम्वन्धमा नगर प्रमुख प्रकाश अधिकारीज्यूको अपिल !!!

श्री सम्पूर्ण सरोकारवाला महानुभावहरु
टोखा नगरपालिका, काठमाडौं ।

यस नगरपालिका कार्यालयवाट जनप्रतिनिधि वहाल पछिको हाल सम्मको समग्र क्रियाकलाप तथा प्रगतिको अवस्था झल्कने **नगरको संस्मरण पुस्तिका प्रकाशन, सार्वजनिक सुनुवाई** एवं हामीलाई (नगरपालिका) विभिन्न माध्यमद्धारा सहयोग पुर्याउनुहुने सम्पूर्ण **सहयोगीदाताहरुलाई सम्मान** गर्ने कार्यक्रम तय गरिएकोले सम्पूर्ण नगरवासीहरुले नगरपालिकालाई सकारात्मक क्रियाकलापको जानकारी सहित(सम्भव भएसम्म फोटोसहित-आफुले गरेका पूर्वाधार/लक्षित वर्ग कार्यक्रमसहित Viber मा विवरण सहित पेश गर्नुहुन) सल्लाह सुझाव नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुमा मिति २०७८ कार्तिक २३ गते भित्र उपलव्ध गराईदिनु हुन हार्दिक अपिल गर्दछु ।

सम्मानको लागि नामावली (मिति २०७४ बैशाखदेखि हालसम्म):

१. उपभोक्ता समिति र उपभोक्ता समितिका पदाधिकारीहरुको नामावली(पदसहित)
२. कोरोना महामारीमा आर्थिक/सामाग्री सहयोग गर्ने संघ/संस्था/महानुभावहरु
३. कोरोना महामारीमा volunteer को रुपमा कार्य गर्ने महानुभावहरु
४. कोरोना महामारीमा प्लाज्मा दान गर्ने महानुभावहरु
५. कोरोना महामारीमा अहोरात्र खटिने स्वास्थ्यकर्मीहरु
६. नीति निर्माणमा सल्लाह सुझाव दिने महानुभावहरु
७. यस नगरपालिकालाई सबैभन्दा बढि कर तिर्ने करदाता
८. योग साधना मार्फत स्वास्थ्य सेवा प्रदान गर्ने योग साधकहरु
९. टोखा चाकु उत्पादकहरु
१०. कोरोना महामारीका विच मनोपरामर्श सेवा प्रदान गर्ने मनोपरामर्शकहरु
११. प्रत्यक्ष/अप्रत्यक्षरुपमा यस नगरपालिकालाई सहयोग गर्नुहुने महानुभावहरु

विवरण उपलव्ध गराउने ठेगाना

टोखा नगरपालिका कार्यालय, मैजुहिटी, काठमाडौं

Viber सम्पर्क नं. ९८५११३७५१३- बसन्त पाठक, सूचना प्रविधि अधिकृत; जगदिश अधिकारी, ९८४१६७६९२१; विजय डंगोल-९८४९८७६९४३

ईमेल ठेगानाः- hellotokha@gmail.com / info@tokhamun.gov.np

१ देखि ११ नं वडा कार्यालयहरु, टोखा नगरपालिका, सबै

**पुनश्चः** पुस्तकको थिम “तस्विर आफै बोल्छ” भएको हुनाले यहाँहरुले viber मा विवरण सहित पठाउनु भएको पूर्वाधार/लक्षित वर्ग कार्यक्रम(तालिम)को फोटो प्रकाशित गरिनेछ ।

**नगर प्रमुख, प्रकाश अधिकारी**
**टोखा नगरपालिका**

मिति: २०७८/०७/१८